निर्णयहरू:-

क. मकवानपुर जिल्लाभित्र कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि यस जिल्लामा मिति २०७८-०४-२४ गते आइतबार राती १२:०० बजेसम्म निषेधाज्ञा कायम गरिएकोमा जिल्लाभित्र संक्रमणको दर क्रमश: बढ्दै गएको अवस्थालाई मध्येनजरगर्दै संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निषेधाज्ञालाई निरन्तरता दिई **मिति २०७८ साल साउन २४ गते आइतबार राती १२:०० बजेदेखि मिति २०७८ साल साउन ३२ गते सोमबार राती १२:०० बजेसम्म यस मकवानपुर जिल्लाभर** निम्नबमोजिम हुने गरी आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो।

**देहाय:-**

१. अत्यावश्यक काम नपरी घर बाहिर ननिस्किने, मर्निङ्गवाक, इभिनिङ्गवाक नगर्ने, निस्कनुपर्दा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने ।

**२. पसल, व्यापर, व्यवसाय तथा सेवा संचालन सन्दर्भमा**

२.१ औषधी पसल, कृषि बीउबीजन तथा मल विक्री वितरण गर्ने पसल र भेटनरी, पेट्रोल पम्प, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल नियमित सञ्चालन गर्नुपर्ने,

२.२ अत्यावश्यक उपभोग्य वस्तु (खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी) विक्री वितरण गर्ने पसलहरू विहान ५:०० बजेदेखि विहान १०:०० बजेसम्म मात्र खोल्न पाइने, अन्य गैरखाद्य पसल तथा व्यवसाय दिनको १२:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म मात्र खोल्न पाइने । तर फुटपाथमा पसल राख्न नपाउने,

२.३ प्रेस तथा फोटोकपी पसलहरू र फोटो स्टुडिओहरू विहान १०:०० बजेदेखि दिनको ५:०० बजेसम्म मात्र खोल्न पाइने,

२.४ रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलहरूबाट टेकअवे र होमडेलिभरी हुने गरी मात्र दिनको १२:०० बजेदेखि साँझ ४:०० बजेसम्म खोल्न पाइने ।

२.५ होटल तथा लज सञ्चालन सम्बन्धमा कूल बेड क्षमताको एक तिहाईमा साँझ ६:०० बजेदेखि विहान ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने । होटल, लज, रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलमा काम गर्ने कर्मचारी र कामदारहरूले अनिवार्यरूपमा मास्क एवं फेसशील्ड प्रयोग गर्ने र अन्य जनस्वास्थ्यका मापदण्डहरू पूर्ण पालना गर्ने र कोठाहरू दैनिकरूपमा निसङ्क्रमण गर्ने । तर, होटल, लज तथा रेष्टुरेन्टहरूमा कुनै पनि प्रकारको भोज भतेर, भेला, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार सञ्चालन गर्न नपाइने ।

२.६ पसल तथा व्यवसाय सञ्चालन गर्दा अनिवार्य रूपमा मास्कको प्रयोग, भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता सम्बन्धित व्यवसायीले गर्नुपर्ने । उल्लेखित जनस्वास्थ्यका मापदण्डहरू पालना नभएको पाइएमा अनुगमन समितिको सिफारिसमा उक्त पसल तथा व्यवसाय निषेधाज्ञा अवधिभरको लागि बन्द गरिनेछ ।

२.७ शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल, पिकनिक स्थल, सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना, स्पा, सैलुन तथा ब्युटी पार्लर, स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब, सपिङ मल, स्ट्रिट फुड पसल, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति, फुटसल पूर्णरूपमा बन्द रहने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

३. यातायात सञ्चालन सन्दर्भमा

३.१ एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्य वस्तु, तरकारी, दूध, खानेपानी, पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर, स्वास्थ्य सामग्री र अक्सिजन ढुवानी गर्ने साधन, शव वाहन, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, औद्योगिक मजदुर बोक्ने गाडी, कृषि मल तथा बीउबीजन बोक्ने गाडी, स्वास्थ्यकर्मी, सरकारी कर्मचारी, सञ्चारकर्मी, दूरसञ्चार, विद्युत, इन्टरनेट सेवा प्रवाह गर्ने सवारी साधन तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र जिल्ला प्रशासन कार्यालयहरूबाट अनुमति प्राप्त सवारी साधन नियमत संचालन गर्न पाइने,

३.२ निजी यात्रु बाहक सवारी साधनहरू (मोटरसाइकल समेत) मयुरी, अटो, ट्याम्पो (दुई जना भन्दा बढी यात्रु बोक्न नपाउने गरी), सार्वजनिक यातायात गते अनुसार जोर बिजोर प्रणालीका आधारमा सञ्चालन गर्न पाइने, तर सार्वजनिक यातायात सञ्चालन गर्दा देहायको मापदण्ड अवलम्बन गर्ने

क. सवारी साधनहरू विहान ६:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म मात्र सञ्चालन गर्ने,

ख. कूल सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ग. सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने,

घ. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने,

ङ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

च. सवारी साधनलाई दैनिकरूपमा निसङ्क्रमित गर्नुपर्ने,

छ. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रूपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

ज. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

३.३ अन्य जिल्लाबाट आएका पूर्व-पश्चिम राजमार्ग भई जाने लामो दूरीका सवारी साधन, मालवाहक सवारी साधनहरू तथा निर्माण सामग्री ढुवानीका साधनहरू यस जिल्लामा नरोकिने गरी आवत जावत गर्न पाइने,

३.४ औद्योगिक कच्चा पदार्थ, तयारी उत्पादन एवं खाद्यान्न बोक्ने सवारी साधनहरू हेटौडा बजार क्षेत्रभित्र विहान १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म मात्र आवत जावत एवं लोड अनलोड गर्न पाइने ।

४. अत्यावश्यक सरकारी सेवाहरू भिडभाड नहुने सुनिश्चितता गरी आलोपालो प्रणालीमा आधा कर्मचारीबाट सञ्चालन गर्ने ।

५. बैंक, इन्स्योरेन्स कम्पनी, मनी ट्रान्सफर तथा वित्तिय सहकारी संस्थाहरूबाट प्रदान गरिने सेवाहरू जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने सुनिश्चितता गरी विहान १०:०० बजेदेखि दिनको २:०० बजेसम्म बैंकर एसोशिएसनबाट निर्धारण गरिएका आलोपालो बमोजिम सञ्चालन गर्ने । वित्तिय तथा सहकारी संस्थाहरूबाट घर दैलोमा गई रकम संकलन गर्ने र समूह भेला गरी रकम संकलन गर्ने, गराउने कार्य पूर्णरूपमा बन्द हुनुपर्ने ।

६. तोकिएका मापदण्डहरू पालना गरी सञ्चालन गरिने पूर्व निर्धारित परीक्षाको हकमा:-

६.१. (पच्चीस) जना भन्दा बढी परीक्षार्थीहरू भेला जम्मा नहुने गरी परीक्षा सञ्चालन गर्ने,

६.२. एकै दिनमा २५ (पच्चीस) जना भन्दा बढी परीक्षार्थी जम्मा हुने अवस्था भएमा Shift Wise परीक्षा सञ्चालन गर्ने,

६.३ परीक्षार्थीहरू हलमा प्रवेश गर्नुपूर्व र परीक्षा समाप्त भए पश्चात् मापदण्ड बमोजिमको भौतिक दूरी कायम हुने व्यवस्था मिलाउने,

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

अनन्त प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

६.४ एउटा Shift का सबै परीक्षार्थीहरू परीक्षास्थलबाट बाहिरिएपछि मात्र अर्को Shift का परीक्षार्थीहरू प्रवेश गर्न मिल्ने गरी फरक समय राख्ने,

६.५ परीक्षा सञ्चालनको क्रममा जनस्वास्थ्यका मापदण्डहरूको अनिवार्य पालना गरी मास्क तथा स्यानिटाइजरको उचित प्रयोग गर्नुका साथै प्रत्येक Shift मा परीक्षा हल अनिवार्यरूपमा निसंक्रमण गर्ने ।

७. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने । तर, विवाहका लागि बढीमा १५ जनासम्म नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सम्पन्न गर्न सकिने ।

८. औद्योगिक प्रतिष्ठानहरूले उद्योगमा कार्यरत मजदूर कर्मचारीहरूलाई जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी, गराई उद्योग प्रतिष्ठानमा कार्यरत मजदूर कर्मचारीहरूसँग समन्वय गरी उद्योग सञ्चालन गर्न सक्ने ।

९. विकास आयोजना तथा निर्माण कार्य सञ्चालन गर्दा आयोजनास्थल वा निर्माणस्थलमा नै कामदार तथा कर्मचारी रहने व्यवस्था मिलाई जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी, गराई निर्माण कार्य सञ्चालन गर्न सकिने।

१०. सामाजिक संघ/संस्थाहरु, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजको समन्वयमा मास्क अभियान नियमित रुपमा संचालन गर्ने ।

ख) श्री गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) सिंहदरबार, काठमाडौंको प.सं.शा.सु.०७८/०७९/०८, च.नं.१५१, मिति २०७८/०४/२० गतेको कोभिड-१९ को संक्रमण सम्बन्धमा बिषयको पत्रका सन्दर्भमा जिल्ला कोभिड-१९ को संक्रमणको अवस्था, नियन्त्रणका लागि गरिएका प्रयासहरु र रोकथामका लागि भावी योजना तयार गरी पठाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

२०७८/४/२३

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी